नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)
☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति :- २०८१/०७/०४

## चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2025) को छात्रवृत्तितर्फ सम्पूर्ण समूहको म्याचिङसम्बन्धी सूचना

मिति २०८१/०५/०१ गतेदेखि ऐ. ५ गतेसम्म सञ्चालन भएको चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL2025) का विभिन्न शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षाको मिति २०८१/०५/१४ गतेदेखि ऐ.१९ गतेसम्म प्रकाशित नतिजाको योग्यताक्रम र मिति २०८१/०६/०४ गते प्रकाशित आरक्षण समूहको योग्यताक्रममा रहेका उम्मेदवारहरूले आयोगको मिति २०८१/०६/०८ को सूचनाबमोजिम शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गरी स्वयंले गरेको अनलाइन प्राथमिकताक्रम निर्धारणको आधारमा छात्रवृत्तितर्फको म्याचिङ तथा भर्ना तपसिल बमोजिम हुने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. छात्रवृत्तितर्फको म्याचिङ, भर्नासूची तथा भर्नासम्बन्धी व्यवस्था र कार्यतालिका

१. उम्मेदवारको योग्यताक्रम, अनलाइन प्राथमिकताक्रम निर्धारण गरेका शिक्षण संस्था र शैक्षिक कार्यक्रम एवम् उपलब्ध सिट सङ्ख्या बमोजिम कम्प्युटर प्रणालीमा आधारित म्याचिङ गरी पहिलो भर्नासूची प्रकाशन गरिनेछ ।

२. भर्नासूचीमा परेका उम्मेदवारले यसै सूचनामा तोकिएको समयावधिभित्र सम्वन्धित विश्वविद्यालय/प्रतिष्ठानमा भर्ना गर्नुपर्नेछ ।

३. पहिलो चरणको म्याचिङ सूचीको अन्तिम योग्यताक्रमभित्र रही भर्ना नभएका वा भर्ना सूचीमा नपरेका उम्मेदवारहरुको लागि पुनः म्याचिङ गरिनेछ। यसरी पुनः म्याचिङ (re-matching) गर्दा निजले छोडेको भन्दा माथिल्लो प्राथमिकताक्रमको शिक्षण संस्था र शैक्षिक कार्यक्रममा सिट उपलब्ध भएमा मात्र म्याचिङ गरिनेछ। अन्तिम योग्यताक्रम भित्रका पहिलो चरणको म्याचिङ सूचीमा नपरेका उम्मेदवार समेत पुनःम्याचिङ हुन सक्नेछन ।

४. पहिलो पुनःम्याचिङमा मात्र परेका उम्मेदवार भर्ना नभएमा निजले छोडेको भन्दा माथिल्लो प्राथमिकताको शिक्षण संस्था र शैक्षिक कार्यक्रममा म्याचिङ हुने भएमा दोस्रो चरणको पहिलो म्याचिङमा समावेश गरी म्याचिङ गरिनेछ तर दोस्रो चरणको पुनः म्याचिङमा समावेश गरिने छैन ।

५. छात्रवृत्तितर्फको दोस्रो चरणको म्याचिङ गर्दा पहिला नै अनलाइन प्राथमिकताक्रम निर्धारण गरेका र कुनै पनि भर्नासूचीमा नपरेका बाँकी उम्मेदवारहरूमध्येबाट पहिलो चरणकै प्रक्रिया अवलम्बन गरी म्याचिङ गरिनेछ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

६. म्याचिङको नतिजा उम्मेदवारले आफ्नो प्रोफाइलबाट पनि हेर्न सक्नेछन।

७. म्याचिङ सम्बन्धी अन्य व्यवस्था चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्वन्धी कार्यविधि (पहिलो संशोधन), २०७९ बमोजिम हुनेछ ।

**ख. छात्रवृत्तितर्फको म्याचिङ, भर्नासूची प्रकाशन तथा भर्नासम्बन्धी कार्यतालिका**

| चरण | विवरण | मिति र समय |
|---|---|---|
| पहिलो | **First matching result** | २०८१ कार्तिक ०८ |
| | First Admission OPEN | २०८१ कार्तिक ०९, समय १०:०० बजेदेखि |
| | First Admission CLOSE | २०८१ कार्तिक १४, समय ५:०० बजेसम्म |
| | **First re-matching result** | २०८१ कार्तिक २५ |
| | Admission of first re-matching OPEN | २०८१ कार्तिक २६, समय १०:०० बजेदेखि |
| | Admission of first re-matching CLOSE | २०८१ कार्तिक २८, समय ४:०० बजेसम्म |
| दोस्रो | **Second matching result** | २०८१ मंसिर ०४ |
| | Second admission OPEN | २०८१ मंसिर ०५, समय १०:०० बजेदेखि |
| | Second admission CLOSE | २०८१ मंसिर १०, समय ४:०० बजेसम्म |
| | **Second re-matching result** | २०८१ मंसिर १४ |
| | Admission of second re-matching OPEN | २०८१ मंसिर १६, समय १०:०० बजेदेखि |
| | Admission of second re-matching CLOSE | २०८१ मंसिर १८,समय ४:०० बजेसम्म |

८. सःशुल्कतर्फको म्याचिङ सम्बन्धी कार्यतालिका पछि प्रकाशन गरिनेछ ।

२०८१/०६/०४

मञ्जु अधिकारी
उपसचिव